# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**प्रस्तावना:** उद्योग, पर्यटन तथा यातायात मन्त्रालय र मन्त्रालय मातहतको निर्देशनालय र कार्यालयहरूबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरू कार्यान्वयनमा एकरूपता र सहजता ल्याउनका लागि आवश्यक मार्गदर्शन बनाउन वाञ्छनीय भएकाले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम कार्यालयले उद्योगी/व्यवसायी तथा सङ्घ/संस्थालाई प्रदान गरिने रकम वा प्रविधि सम्झनुपर्छ।

(ख) "उद्योग" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योग सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय सम्झनुपर्छ र सो शब्दले निर्देशनालयलाई समेत जनाउँछ।

(ङ) "खाद्यान्न" भन्नाले सहुलियत पसलमा आधार मूल्यमा बिक्री गरिने चामल, गेडागुडी, दाल, नुन, तेल, पिठो, गहुँ, चिनी सम्झनुपर्छ।

(च) "निर्देशनालय" भन्नाले उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनुपर्छ।

(छ) "फर्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका प्राइभेट वा साझेदारी फर्म सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(झ) "लक्षित समूह" भन्नाले कार्यक्रम लागु भएका जिल्लामा बसोबास गर्ने देहाय बमोजिमका व्यक्ति सम्झनुपर्छः-

(१) विपन्न परिवारका नागरिक,

(२) दलित,

(३) पिछडिएका आदिवासी, जनजाति, सुकुम्बासी, हलिया तथा मुक्त कमैया,

(४) भूमिहीन।

(ञ) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थानीय व्यापार सञ्चालन गर्नको लागि अनुमति लिएको प्राइभेट फर्म, साझेदारी फर्म, प्राइभेट लिमिटेड तथा सहकारी संस्था सम्झनुपर्छ।



मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

(ट) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ र सो शब्दले उपमहानगरपालिकालाई समेत जनाउँछ।

## परिच्छेद-२

## वाणिज्य तथा आपूर्ति प्रवर्द्धन कार्यक्रम

३. **उद्योग तथा वाणिज्य प्रशासन:** निर्देशनालय र कार्यालयले उद्योग तथा वाणिज्य फर्महरूको दर्ता, नवीकरण तथा प्रमाणपत्र प्रदान गर्न आवश्यक दर्ता नवीकरण अभिलेख किताव र प्रमाणपत्रको छपाइ तथा अभिलेख व्यवस्थापनको लागि आवश्यक स्टेसनरी लगायत अन्य सामग्री खरिद तथा उद्योग र वाणिज्य प्रशासनसँग सम्बन्धित कार्यमा यस कार्यक्रमबाट खर्च गर्न सक्नेछ।

४. **कार्यालयहरूको तथ्याङ्क अपडेट तथा अभिलेख सुदृढीकरण:** प्रदेशभित्र सञ्चालनमा रहेका उद्योग तथा वाणिज्य फर्महरूको अभिलेखलाई व्यवस्थित गर्नको लागि कार्यालयले तोकिएको बजेट सीमाभित्र रही खर्च गर्ने गरी सेवा प्रदायक संस्था वा व्यक्तिसँग सेवा करार गरी कार्यालयमा दर्ता रहेका उद्योग तथा वाणिज्य फर्महरूको तथ्याङ्क अध्यावधिक गरी सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्नुपर्नेछ र यस कार्यक्रमको रकम तथ्याङ्क व्यवस्थापन, आवश्यक फाइलिङ, क्याबिनेट तथा दराजसमेत खरिद गर्न सकिनेछ।

५. **वाणिज्य बजार अनुगमन:** (१) व्यापार व्यवसायलाई मर्यादित बनाई उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा उपलव्ध गराउनका लागि कार्यालयले खाद्य वस्तु, औषधी तथा प्रयोगशाला, एग्रोभेट, पेट्रोलपम्प लगायतका विषयमा महिनामा कम्तीमा दुई पटक बजार अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा आवश्यकता अनुसार स्थानीय तह तथा स्थानीय प्रशासन लगायतका सरोकारवाला निकाय वा संस्थासँग समन्वय गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम बजार अनुगमनका लागि आवश्यक उपकरण खरिद, नमुना सङ्कलन तथा परीक्षण, अनुगमनमा खटिएका टोलीलाई खाजा र खाना, नियमानुसार पाउने यातायात तथा दैनिक भ्रमण भत्तामा यस क्रियाकलापको रकम खर्च गर्न सकिनेछ।

६. **विद्यालय तथा समुदायस्तरमा उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन:** (१) कार्यालयले प्रत्येक जिल्लाका कम्तीमा ५ (पाँच) वटा विद्यालय वा समुदायस्तरमा कम्तीमा ५० (पचास) उपभोक्ता सहभागी हुने गरी जागरण कार्यक्रम सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले उपभोक्ता शिक्षा सम्बन्धी चेतनामूलक सन्देशको प्रचारप्रसार गर्नेछ। यस कार्यक्रमको रकम दैनिक भ्रमण, प्रशिक्षक खर्च, यातायात खर्च, स्टेसनरी खरिद तथा प्रचारात्मक सामग्री छपाइ तथा खाना/खाजामा नियमानुसार खर्च गर्न सक्नेछ।

७. **उद्योग तथा वाणिज्य सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम:** कार्यालयले उद्योग तथा वाणिज्य सम्बन्धी कानुनी व्यवस्था एवं उपभोक्ता शिक्षा सम्बन्धी बुलेटिन, ब्रोसर, पम्पलेट, टेलिभिजन, रेडियो, पत्रपत्रिका लगायतका विषयमा चेतनामूलक सन्देशको छपाइ, प्रकाशन तथा विभिन्न सञ्चार-माध्यममार्फत प्रचारप्रसार गर्नका लागि यस कार्यक्रमबाट खर्च गर्न सक्नेछ।

८. **उद्योग तथा वाणिज्य मेला प्रदर्शनी:** प्रदेशभित्रका लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तु तथा सेवाको प्रचारप्रसार तथा बजारीकरणमा टेवा पुर्‍याई आन्तरिक उत्पादनको प्रवर्द्धन गर्न उद्योग तथा वाणिज्य क्षेत्रका सङ्घसंस्थाबाट आयोजना हुने औद्योगिक तथा व्यापार मेलामा लघु, घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तुहरूको प्रदर्शन गर्ने प्रयोजनका लागि उद्यमी तथा व्यावसायिक सङ्घसंस्थालाईव व्यवस्थापन सहयोग, स्टलभाडा सहयोग, उद्यमीका लागि यातायात तथा खाना खाजा खर्च नियमानुसार गर्न सक्नेछ।



मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

९. **उद्योग तथा वाणिज्य फर्महरूसँग गुणस्तरीय वस्तु तथा सेवा विषयक कार्यशाला:** (१) उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवाको उपलव्धताका लागि उपभोक्ता संरक्षण ऐन तथा नियमावलीमा उल्लेख भएका उत्पादक तथा व्यवसायीहरूका दायित्वहरूका विषयमा उद्यमी तथा व्यवसायीहरूलाई सचेतना अभिवृद्धि गराउने उद्देश्यले प्रत्येक जिल्लामा सञ्चालित उद्योग तथा वाणिज्य फर्महरूसँग गुणस्तरीय वस्तु तथा सेवा विषयक अभिमुखीकरण कार्यक्रम कार्यालयले सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमका लागि आवश्यक रकम दैनिक भ्रमण भत्ता, बाह्य स्रोत व्यक्तिलाई पारिश्रमिक, यातायात खर्च, स्टेसनरी खर्च, खाना/खाजा खर्च र हलभाडामा खर्च गर्न सकिनेछ।

१०. **खाद्य स्वच्छता तथा सुरक्षा सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम:** (१) खानामा कुनै हानिकारक वस्तु मिसावट नहुने सुनिश्चित गर्नका साथै खाना फ्रिजमा सही तापक्रममा राख्न, म्याद गुज्रिएको (□□□□□□□ □□□□) खाना नखान, पाकेको र काँचो खाना छुट्टाछुट्टै राख्न लगायतका विषयहरूको बारेमा आम नागरिकहरूलाई सचेत गराउनका लागि मानिसलाई फुड प्वाइजनिङ जस्ता रोगबाट बचाउने, पोषणयुक्त र गुणस्तरीय खाना सुनिश्चित गर्ने, बालबालिका, वृद्ध र बिरामी व्यक्तिहरूको स्वास्थ्य जोगाउन यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिकको कार्यक्रमको लागि आवश्यक रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षक, यातायात, स्टेसनरी, खाना/खाजा र हल भाडामा खर्च गर्न सकिनेछ।

११. **उपभोक्ता अधिकारका लागि जनचेतना कार्यक्रम:** उपभोक्ताले आफ्ना अधिकार र कर्तव्यबारे जानकारी प्राप्त गरी बजारमा मिलावट, म्याद गुज्रेका सामान, अधिक मूल्य जस्ता समस्याको निवारण गर्न जनचेतना कार्यक्रम गर्दा लाग्ने आवश्यक दैनिक भ्रमण भत्ता, प्रशिक्षक, यातायात, स्टेसनरी, खाना/खाजा, हल भाडामा खर्च गर्न सकिनेछ।

## परिच्छेद-३
## औद्योगिक प्रवर्द्धन कार्यक्रम

१२. **विभिन्न दिवश समारोह:** औद्योगिक प्रवर्द्धन सम्बन्धी विभिन्न दिवस मनाउँदा सरोकारवाला निकाय एवम् सङ्घ-संस्थासँग समन्वय गरी निर्धारित मितिमा मनाउने दिवसको दिन भेला, गोष्ठी, प्रदर्शनी, प्रभातफेरी, उपभोक्ता सम्मान, सेवाग्राही सम्मान लगायतका कार्यक्रम कार्यालयले सञ्चालन गर्दा लाग्ने कार्यपत्र, स्टेसनरी, भ्रमण भत्ता, यातायात, खाना/खाजा, हलभाडा जस्ता क्रियाकलापमा यो कार्यक्रमबाट खर्च गर्न सक्नेछ।

१३. **लघु घरेलु तथा साना उद्योगहरूको अनुगमन निरीक्षण, सहजीकरण र प्रतिवेदन:** लघु घरेलु तथा साना उद्योगहरूले उत्पादन गर्ने वस्तु तथा सेवाको गुणस्तरीयता कायम गरी बजारमा आपूर्ति सुनिश्चितता गराउन कार्यालयले महिनामा कम्तीमा २ (दुई) पटक अनुगमन गर्नुपर्नेछ। अनुगमन गर्दा आवश्यकता अनुसार स्थानीय तह तथा स्थानीय प्रशासन लगायतका सरोकारवाला निकाय वा संस्थासँग समन्वय गर्नुपर्नेछ। अनुगमनका लागि आवश्यक उपकरण खरिद, नमुना सङ्कलन तथा परीक्षण, अनुगमनमा खटिएका टोलीलाई खाजा/खाना, नियमानुसार पाउने यातायात एवम् भत्तामा यस क्रियाकलापको रकम खर्च गर्न सकिनेछ।

१४. **उद्यमीहरूलाई व्यावसायिक योजना तयारी र ऋण प्राप्ति प्रक्रिया सम्बन्धी सहजीकरण कार्यक्रम:** जिल्लास्तरमा सञ्चालित उद्यमीहरू वा उद्यम व्यवसाय सुरु गर्न चाहने व्यक्तिलाई व्यावसायिक योजना तयारी गर्न सहयोग पुऱ्याउनका लागि कार्यालयले व्यावसायिक योजना तयारी तथा ऋण प्राप्ति सम्बन्धी सहजीकरण गर्ने कार्यक्रमको रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षक पारिश्रमिक, यातायात, खाना/खाजा, व्यावसायिक योजना

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

सिप विकास तालिम, तालिमका प्रशिक्षण सामग्री, स्टेसनरी, इन्धन, सञ्चार, हलभाडा लगायतका आवश्यक क्रियाकलापहरूमा खर्च गर्न सक्नेछ।

१५. **उत्पादित वस्तुको गुणस्तर र लेबलिङ सम्बन्धी अन्तर्क्रिया:** जिल्लास्तरमा उत्पादित वस्तुको गुणस्तर, लेबलिङ तथा प्याकेजिङ सम्बन्धमा उद्योगी तथा उपभोक्ताहरूलाई जनचेतना फैलाउने उद्देश्यले सचेतना तथा अभिमुखीकरण गर्ने कार्यक्रमको लागि आवश्यक दैनिक भ्रमण भत्ता, प्रशिक्षक पारिश्रमिक, यातायात, खाना/खाजा, प्रशिक्षण सामग्री, स्टेसनरी, इन्धन, सञ्चार र हलभाडा जस्तामा लाग्ने रकम खर्च गर्न सक्नेछ।

१६. **उद्यमी बन्न चाहने बेरोजगार युवाका लागि उद्यमशील कार्यक्रम:** जिल्लाभित्रका निम्न आयस्तर र बेरोजगार युवालाई उद्यमशीलता तालिममार्फत स्थानीय श्रम, सिप र कच्चा पदार्थको परिचालन गरी व्यावसायिक अवसरको बारेमा जानकारी गराउनुका साथै उद्यम व्यवसाय सञ्चालन गर्न व्यवसायप्रति उत्प्रेरित गरी सही व्यवसाय छनौट गर्न सात (७) दिने उद्यमशीलता विकास तालिम सञ्चालन गरिनेछ र सो कार्यक्रमको लागि आवश्यक भ्रमण भत्ता, प्रशिक्षण पारिश्रमिक, यातायात, स्टेसनरी खाना, खाजा हल भाडा जस्ता विषयमा खर्च गर्न सकिनेछ।

१७. **जिल्लाभित्रका स्थानीय तहका उद्योग तथा वाणिज्य शाखामा काम गर्ने कर्मचारी, उद्योग दर्तासँग सम्बन्धित जिल्लामा अन्य संघीय कार्यालयबिच अन्तर्क्रियात्मक कार्यक्रम:** उद्योग तथा वाणिज्य फर्म दर्ता तथा नविकरणमा सङ्घीय कार्यालय, प्रदेश कार्यालय तथा स्थानीय तहबिचमा समन्वय र सहकार्य गरी सहजता ल्याई उद्योग क्षेत्रका सम्भावना र चुनौती जस्ता विषयमा अन्तर्क्रिया गरी औद्योगिक प्रवर्द्धनमा टेवा पुऱ्याउनका लागि कार्यालयले अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्नेछ। यस कार्यक्रमको रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षक पारिश्रमिक, यातायात, स्टेसनरी, खाना/खाजा, हल भाडा लगायतमा खर्च गर्न सकिनेछ।

१८. **उद्यमी एक्पोजर भिजिट कार्यक्रम:** जिल्लामा उद्योग स्थापना गरी राज्यलाई महत्वपूर्ण योगदान पुर्याएका तथा थप केही गर्न आवश्यक छ भनी अध्ययन गरेका उद्योगीहरूलाई प्रदेशभित्रका वा प्रदेश बाहिर रहेका सफल उद्योगहरूको निरीक्षण गरी उद्योगीहरूलाई उद्योग विस्तार गर्न र रोजगारीका अवसरहरू थप सृजना गरी कार्यालयले कार्यक्रम सञ्चालन गर्नेछ र यस कार्यक्रमको लागि आवश्यक दैनिक भ्रमण भत्ता, यातायात, स्टेसनरी, खाना/खाजा जस्ता रकम नियमानुसार खर्च गर्न सकिनेछ।

१९. **विगतका आर्थिक वर्षहरूमा सिप विकास तालिम प्राप्त सहभागीहरूसँग अन्तर्क्रिया तथा परामर्श कार्यशाला:** कार्यालयबाट विगतका वर्षमा सिप विकास तालिम लिएका सहभागीसँग अन्तर्क्रिया तथा छलफल गरी उद्यमशीलता वृद्धि गर्न कार्यालयले कार्यक्रम सञ्चालन गर्दा लाग्ने दैनिक भ्रमण भत्ता, प्रशिक्षक पारिश्रमिक, यातायात, स्टेसनरी, खाना/खाजा, हल भाडा जस्ता रकम खर्च गर्न सक्नेछ।

## परिच्छेद-४

## श्रम तथा रोजगार व्यवस्थापन कार्यक्रम

२०. **श्रमिकहरू र श्रमिक सञ्जालसँग अन्तर्क्रिया कार्यक्रम:** (१) श्रमिकको सामाजिक सुरक्षा र हकहितका विषयमा जिल्लाभित्र रहेका श्रमिकहरूको सञ्जाल मार्फत तथ्याङ्क सङ्कलन गर्ने र श्रमिकहरूको लगत सङ्कलन गरी कार्यालयले अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि आवश्यक पर्ने दैनिक भ्रमण भत्ता, प्रशिक्षक पारिश्रमिक, यातायात, स्टेसनरी, खाना/खाजा, हल भाडा जस्ता रकम खर्च गर्न सकिनेछ।



मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

## परिच्छेद-५
## सुपथ मूल्य पसल सञ्चालन कार्यक्रम

२१. **सुपथ मूल्य पसल सञ्चालन कार्यक्रमः** बजारको पहुँचबाट टाढा रहेका दुर्गम क्षेत्रका नागरिकलाई सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने, आधारभूत खाद्यान्नमा सहज पहुँचको सुनिश्चितता गर्ने, आधारभूत खाद्यान्नमा मूल्य स्थिरता कायम गर्ने, आधारभूत खाद्यान्नको अभाव न्यूनीकरण गर्ने लगायतका उद्देश्य राखी कार्यालयले यो कार्यक्रम सञ्चालन गर्नेछ।

२२. **समिति सम्बन्धी व्यवस्थाः** (१) सुपथ मूल्य पसल सञ्चालन गर्नका लागि स्थानीय तह तथा स्थान छनौट गर्न प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहाय बमोजिमको स्थानीय तह तथा स्थान छनौट समिति गठन गरिनेछः-

(क) प्रमुख जिल्ला अधिकारी, सम्बन्धित जिल्ला -संयोजक
(ख) जिल्ला समन्वय अधिकारी, सम्बन्धित जिल्ला -सदस्य
(ग) कार्यालय प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले देहायका आधारमा स्थानीय तह तथा स्थान छनौट गर्नेछः-

(क) मानव विकास सूचकाङ्कमा कमजोर भएको स्थानीय तह तथा स्थान,
(ख) द्वन्द्व प्रभावित, श्रमिक तथा मजदुर, विपन्न नागरिक बसोवास गर्ने स्थानीय तह तथा क्षेत्र,
(ग) भौगोलिक रूपमा पिछडिएको तथा दुर्गम क्षेत्र,
(घ) लक्षित समूहको बढी बसोबास भएका स्थान,
(ङ) समितिले आवश्यक ठानेका अन्य आधार।

(३) सुपथ मूल्य पसल सञ्चालन गर्दा आवश्यक संस्था छनौट र पसलको प्रभावकारी सञ्चालन गर्न आवश्यक अनुगमन तथा सहजीकरणको लागि कार्यालयका कार्यालय प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको सहजीकरण छनौट समिति रहनेछः-

(क) कार्यालय प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय -संयोजक
(ख) कार्यक्रम लागु हुने क्षेत्रको सम्बन्धित वडाको वडाअध्यक्ष -सदस्य
(ग) लेखा प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय -सदस्य
(घ) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि -सदस्य
(ङ) कार्यालय प्रमुखले तोकेको कर्मचारी -सदस्य सचिव

(४) समितिले आवश्यकता अनुसार बढीमा दुई जनासम्म विशेषज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपदफा (३) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संस्थाबाट पेस भएका प्रस्तावको मूल्याङ्कन गरी स्वीकृत गर्ने,
(ख) सहुलियत पसल सञ्चालन गर्ने स्थानीय तह तथा स्थानको छनौट गर्न सहजीकरण गर्ने,

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

(ग) अनुदान प्राप्त हुने खद्यान्नको बिक्री मूल्य निर्धारण गरी सोको कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(घ) सहुलियत पसलको अनुगमन गर्ने गराउने,

(ङ) कार्यविधिका सम्बन्धमा द्विविधा उत्पन्न भएमा आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन मन्त्रालय समक्ष सिफारिस गर्ने।

(७) उपदफा (३) बमोजिमको समितिले प्रस्ताव छनौट तथा सहजीकरण समितिले सहुलियत पसलमा बिक्री गरिने खाद्यान्नको आधार मूल्य निर्धारण गर्नेछ र आधार मूल्य देहाय आधारमा निर्धारण गर्नेछः-

(क) नेपाल राष्ट्र बैंकले जारी गरेको खाद्यान्नको मूल्यदर,

(ख) सम्बन्धित जिल्ला तथा स्थानीय तहमा लागु हुने गरी जिल्लाका सम्बन्धित सरकारी निकायले लागु गरेको खाद्यान्नको मूल्यदर,

(ग) सम्बन्धित स्थानीय तहले बनाएको खाद्यान्नको मूल्यदर,

(घ) जिल्ला तथा स्थानीय तहका उद्योग/वाणिज्य सङ्घले तोकेको खाद्यान्नको मूल्यदर,

(ङ) बजारमा खरिद बिक्री हुने प्रचलित मूल्यदर

(च) जिल्ला तथा स्थानीय तहमा नै उत्पादन हुने खाद्यान्नको प्रचलित आधार मूल्यदर,

(छ) कार्यालयले तोकेका अन्य आधारहरू।

(८) उपदफा (७) बमोजिमको आधारमा प्रस्ताव छनौट तथा सहजीकरण समितिले स्थानीय तह तथा स्थानमा सञ्चालन गरिने सहुलियत पसलमा बिक्री गरिने खाद्यान्नको मूल्य सूची तयार गर्नु पर्नेछ।

(९) सहुलियत पसलबाट बिक्री गरिने खाद्यान्नको उपदफा (८) बमोजिम तोकिएको आधार मूल्यमा मात्र बिक्री गर्नु पर्नेछ।

२३. <u>प्रस्ताव सम्बन्धी व्यवस्थाः</u> (१) कार्यालयले सहुलियत पसल सञ्चालनका लागि स्थानीय तह तथा स्थान छनौट समितिले छनौट गरेका स्थानीय तहबाट संस्थाहरूलाई प्रस्ताव पेस गर्न कम्तीमा सात दिनको म्याद दिई अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ र सो सूचना उद्योग वाणिज्यसँग सम्बन्धित निकायहरू तथा सरकारी निकायहरूमा समेत टाँस गर्नुपर्नेछ।

(२) कार्यालयले प्रस्ताव आव्हानको सूचनामा तोकिएका सर्त र समयावधिभित्र सहुलियत पसल सञ्चालनका लागि योग्य संस्थाहरूले अनुसूची-२ बमोजिमको ढाँचाको निवेदन सहित अनुसूची-३ बमोजिमको कागजात संलग्न राखी प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रस्ताव पेश गर्दा एक संस्थाले एक स्थानको लागि मात्र गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमका प्रस्तावहरूको ७ दिन भित्र अनुसूची-४ बमोजिमका सूचकहरुको आधारमा मूल्याङ्कन गरी सक्नुपर्नेछ।

(५) प्रस्तावको मूल्याङ्कन गर्दा यस कार्यविधिमा उल्लिखित सूचकको आधारको अतिरिक्त प्रचलित कानुनमा भएका व्यवस्था समेतका आधारमा मूल्याङ्कन गर्न सक्नेछ।

(६) मुल्याङ्कन भएका संस्थाहरु मध्ये सबैभन्दा बढी अङ्क ल्याउने संस्थालाई छनौटको लागि स्वीकृत गरी कार्यालयको वेबसाईट वा सूचना पाटीमा प्राथमिकताको आधारमा प्रकाशन गर्नुपर्नेछ।



मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

(७) संस्था छनौट गर्दा कुनै गुनासो भएमा उपदफा (६) बमोजिमको सूची प्रकाशन भएको मितिले सात दिनभित्र निर्देशनालय समक्ष गुनासो पेस गर्न सकिनेछ।

(८) उपदफा (७) बमोजिमको गुनासो परेमा निर्देशनालयले गुनासो उपर छानविन गरी सात दिन भित्र निर्णय गर्नुपर्नेछ र निर्देशनालयले गरेको निर्णय अन्तिम हुनेछ।

२४. **सम्झौता गर्नुपर्नेः** (१) कार्यालयले छनौट भएका प्रस्तावदाता संस्थासँग सम्झौता गर्न सात दिनको समयावधि दिई सूचना दिनेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्रमा आउने प्रस्तावदाता संस्थासँग कार्यालयले अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने प्रस्ताव दातासँग सम्झौता गरिने छैन र प्राथमिकता क्रममा रहेका अन्य प्रस्तावदातालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।

२५. **अनुदानको सीमा तथा भुक्तानीः** (१) कार्यालयले सहुलियत पसल सञ्चालनका लागि छनौट भएका संस्थालाई स्वीकृत विनियोजित रकमको अधिनमा रही अनुदान रकम पेस्कीको रूपमा उपलब्ध गराउन सक्नेछ र उक्त पेस्की रकम फछ्र्यौट भएपछि मात्र अन्य रकम उपलब्ध गराईनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये सुरुमा पेस्कीको रूपमा पच्चिस प्रतिशतसम्म उपलब्ध गराउन सकिनेछ।

(३) सहुलियत पसल मार्फत खाद्यान्न बिक्री गर्दा निर्धारण गरिएको आधार मूल्यमा अनुसूची-६ बमोजिमको रकम अनुदान स्वरूप उपलब्ध गराईनेछ।

(४) सहुलियत पसल मार्फत अनुदान दिइने खाद्यान्नको परिमाण प्रति परिवार प्रति महिना अनुसूची-७ बमोजिम हुनेछ।

५) अनुदान रकम प्राप्त गर्ने संस्थाले अनुसूची-८ बमोजिमको खाद्यान्न बिक्री खाता तयार गर्नुपर्नेछ।

(६) यस परिच्छेद बमोजिमको सुविधा एक परिवारले महिनामा एक स्थानको एक संस्थाबाट मात्र प्राप्त गर्न सक्नेछ।

(७) संस्थाले ग्राहकलाई खाद्यान्न विक्री गर्दा उपलब्ध गराउने अनुदानको रकम कार्यालयसँग माग गर्दा उपदफा (५) बमोजिमको बिक्री खाता सार्वजनिक गरी सोको मुचुल्का एवं सम्बन्धित वडा कार्यालयको सिफारिससहित पेस गरी माग गर्नुपर्नेछ।

(८) संस्थाले खाद्यान्न उपलब्ध गराए बापत माग गरेको अनुदान रकम कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

(९) उपदफा (२) बमोजिम प्राप्त पेस्की रकम खर्च नभएमा संस्थाले उक्त रकम कार्यालयलाई सम्झौता अवधिसम्म फिर्ता गरी सक्नुपर्नेछ।

२६. **सम्झौता रद्द गर्न सकिनेः** (१) कार्यालयले सहुलियत पसल सञ्चालन गर्ने पसलसँग देहायका अवस्थामा सम्झौता रद्द गर्न सक्नेछः-

(क) खाद्यान्न सामग्रीको बिक्री परिमाण र मूल्यको लगत यथार्थपरक नभएमा,



मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

(ख) कारोबारको झुटा विवरण राखेमा र सोही झुटा विवरण पेस गरी भुक्तानी माग गरेमा,

(ग) उपभोक्ताको हितलाई बारम्बार बेवास्ता गरेमा,

(घ) गुणस्तरहीन र म्याद गुज्रेका सामग्री बिक्री गरेको प्रमाणित भएमा,

(ङ) कार्यालयले दिएको सुझाव वा निर्देशनलाई पालना नगरेमा,

(च) रकमको दुरपयोग गरेमा वा सम्झौता विपरीतको काममा रकम प्रयोग गरेमा,

(छ) संस्थाबाट कार्यक्रम सन्तोषजनक रूपले सञ्चालन नगरेमा,

(ज) प्रचलित कानुन विपरीतका कार्य गरेमा।

(२) कार्यालयले उपदफा (१) बमोजिमको अवस्था परी सम्झौता रद्द गर्नुपूर्व सहुलियत पसल सञ्चालन गर्ने पसललाई सात दिनको सफाइ पेस गर्ने मौका दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सफाइ पेस गर्दा सन्तोषजनक नदेखिएमा कार्यालयले सम्झौता रद्द गर्न बाधा पर्ने छैन।

२७. <u>कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्चः</u> कार्यालयले यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने देहाय बमोजिमको रकम यसै कार्यक्रमको खर्च शीर्षकमा विनियोजित रकमको तीन प्रतिशत रकममा नबढ्ने गरी व्यवस्थापन गर्नेछः-

(क) प्रस्ताव पेस गर्ने सूचना प्रकाशन, सङ्कलन तथा व्यवस्थापन खर्चको रकम,

(ख) अनुगमन तथा सुपरिवेक्षण खर्च रकम,

(ग) यस कार्यविधि बमोजिमका समितिहरूका बैठक भत्ता बापतको खर्च रकम,

(घ) अन्य कार्य सञ्चालन खर्च रकम।

२८. <u>आम्दानी खर्च सार्वजनिक गर्नुपर्नेः</u> (१) सहुलियत पसलले कार्यालय वा अन्य निकायबाट प्राप्त भएको अनुदान रकमको आम्दानी र खर्च देखिने गरी देहाय बमोजिम आम्दानी खर्च सार्वजनिक गर्नुपर्नेछः-

(क) सहुलियत पसलमा अनुदान रकम तथा सहुलियत दरमा बिक्री गरिने मूल्य सहित खाद्यान्नको विवरण सहितको बोर्ड सबैले देख्ने गरी राख्ने,

(ख) अनुदान रकम खर्च भएको विवरण, कारोबारको अद्यावधिक विवरण मासिक रूपमा सहुलियत पसलको सूचना पाटीमा राख्ने,

(ग) सम्झौतामा उल्लेख भएका अन्य विषय।

(२) सहुलियत पसलले कार्यालयबाट प्राप्त अनुदान रकमको प्रचलित कानुन बमोजिम लेखा राख्नु पर्नेछ।

२९. <u>अनुदान रकम रोक्का तथा असूल उपर गरिनेः</u> (१) अनुदान रकम तोकिएका क्षेत्रमा उपयोग नगरेमा, सम्झौता बमोजिम कार्यान्वयन नगरेमा, कार्यालयले दिएका निर्देशनको पालना नगरेमा कार्यालयले अनुदान रकम रोक्का गर्न सक्नेछ।

(२) अनुदान रकम दुरूपयोग गरेको प्रमाणित हुन आएमा त्यस्ता अनुदान रकम सम्बन्धित संस्था तथा सञ्चालकको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

## परिच्छेद-६
## उत्कृष्ट उद्यमी सम्मान कार्यक्रम

३०. **उत्कृष्ट उद्यमी सम्मान कार्यक्रमः** उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तीकरणमा योगदान पुऱ्याएका उद्यमीलाई प्रोत्साहन गर्ने, देशमै श्रम तथा स्वरोजगारको माध्यमबाट उद्यमशीलताको विकास गर्न प्रोत्साहन गर्ने, उद्यमीहरूलाई आफ्नो कार्यक्षेत्रमा सफल र प्रतिष्पर्धी बन्न अभिप्रेरित गर्ने, योग्य र उर्जावान जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्ने र उद्यमी तथा श्रमिकको योगदान प्रति आत्म गौरवको अनुभूति दिलाउने उदेश्यले कार्यालयले यो कार्यक्रम सञ्चालन गर्नेछ।

३१. **छनौट तथा मूल्याङ्कनका आधारहरु:** (१) उत्कृष्ट उद्यमी छनौट गर्दा अनुसूची-९ बमोजिमको मूल्याङकनको आधारमा उच्चतम अङ्क प्राप्त गर्नेलाई छनौट गरिनेछ।

(२) प्रत्येक जिल्लाले कम्तीमा एक जना महिलासहित दुई जना उत्कृष्ट उद्यमीहरूलाई सम्मान गर्नेछ।

(३) उपदफा (२) बमोजिमको कुनै पनि महिला उद्यमीको आवेदन नपरेमा कार्यालयको निर्णय अन्तिम हुनेछ।

३२. **पुरस्कार तथा सम्मान प्राप्त गर्ने योग्यताः** उद्यमीले पुरस्कार तथा सम्मान प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछः-

(क) प्रदेशमा स्थायी बसोबास भई प्रदेशको सम्बन्धित जिल्लामा उद्यम गरिरहेको नेपाली नागरिक,
(ख) उद्यमी स्वयम् आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको,
(ग) विगत दुई वर्षदेखि निरन्तर रूपमा उद्यम गरिरहेको,
(घ) नियमित रूपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको,
(ङ) पछिल्लो तीन वर्षमा कुनैपनि सरकारी निकायबाट उद्यमीको पुरस्कार तथा सम्मान प्राप्त नगरेको।

३३. **सूचना प्रकाशनः** (१) कार्यालयले उत्कृष्ट उद्यमी सम्मान प्राप्त गर्न इच्छुक उद्यमीका लागि पन्ध्र (१५) दिनको सार्वजनिक सूचना प्रकाशन/प्रसारण गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना अन्तर्गत उद्यमीले देहाय बमोजिमका कागजातहरू पेस गर्नुपर्नेछः-

(क) अनुसूची-१० बमोजिमको आवेदन,
(ख) नागरिकता प्रमाणपत्रको छायाँकपी,
(ग) उद्योग दर्ता/नवीकरण प्रमाणपत्रको छायाँकपी,
(घ) पछिल्लो वर्षको कर चुक्ता प्रमाणपत्रको छायाँकपी,
(ङ) PAN/VAT दर्ता प्रमाणपत्रको छायाँकपी,
(च) लक्षित वर्ग समूह खुल्ने निस्सा,
(छ) दफा ३२(ङ) बमोजिमको स्वघोषणापत्र।

९

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

३४. **छनौट तथा सिफारिस समितिः** (१) उत्कृष्ट उद्यमी छनौट गरी कार्यालयसमक्ष सिफारिस गर्न देहायबमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछः-

(क) कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि - संयोजक

(ख) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति -सदस्य

(ग) सम्बन्धित शाखा प्रमुख, कार्यालय -सदस्य सचिव

(२) छनौट समितिले आवश्यकता अनुसार सम्बन्धित उद्यमको स्थलगत अनुगमन समेत गर्न सक्नेछ।

(३) पेस भएका आवेदन र संलग्न कागजातका आधारमा अनुसूची-९ बमोजिम मूल्याङ्कन गरी कार्यालयसमक्ष सिफारिस गर्नुपर्नेछ।

३५. **सम्मान तथा पुरस्कारः** (१) सम्मानको राशी विनियोजित बजेटको अधीनमा रही बढीमा प्रति उद्यमी पचास हजार रुपैयाँ हुनेछ।

(२) उत्कृष्ट उद्यमीलाई नगद पुरस्कारसहित अनुसूची-११ बमोजिमको सम्मान-पत्र प्रदान गरिनेछ।

## परिच्छेद-७

## वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको सिप परीक्षण

३६. **वैदेशिक रोजगारीबाट फर्केकाको सिप परीक्षण सम्बन्धी व्यवस्थाः** (१) वैदेशिक रोजगारीका क्रममा सिकेको सिपलाई स्वदेशमा फर्किएपछि उपयोग गरी उद्यमशील र स्वावलम्वी बन्न चाहने व्यक्तिका लागि प्रदेश सरकारबाट राष्ट्रिय सिप परीक्षण बोर्डमार्फत सिप परीक्षण गरी प्रमाणपत्र दिने व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि आवेदकले अनुसूची-१२ बमोजिम दरखास्त दिनुपर्नेछ।

(३) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सिप परीक्षणका लागि नेपाल सिप परीक्षण बोर्डबाट परीक्षा सञ्चालन गर्दा प्रतिव्यक्ति लाग्ने खर्चको कुल लागतमध्ये कार्यालयले ८० प्रतिशत र सम्बन्धित व्यक्तिले २० प्रतिशत खर्च व्यहोर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको सिप परीक्षण जिल्ला बाहिर हुने भएमा सार्वजनिक यातायातको भाडा कार्यालयले उपलब्ध गराउनेछ।

(५) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूसँग बहुसिप भए सोसमेत परीक्षण गर्न चाहेमा उपदफा (३) बमोजिम खर्च व्यहोर्ने गरी सिप परीक्षण गर्न सकिनेछ।

(६) यस दफा बमोजिमको सिप परीक्षण गराउँदा कार्यालयहरूले एक आपसमा समन्वय गर्न सक्नेछन्।

३७. **सिप तथा अनुभव परीक्षणको लागि पेस गर्नुपर्ने कागजातः** दफा ३६ बमोजिमको सिप परीक्षणको लागि देहाय बमोजिमको कागजात पेस गर्नु पर्नेछः-

(क) नेपालको नागरिकता प्रमाणपत्रको छायाँकपी,

(ख) विदेशमा रहँदा हासिल गरेको सिप सम्बन्धी भएका प्रमाणपत्र सो नभएमा आफूसँग भएको सिपको स्वघोषणा,

(ग) सिप परीक्षणमा लाग्ने यस कार्यविधि अनुसार लाग्ने शुल्कमा साझेदारी गर्न इच्छुक रहेको घोषणा,



मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

(घ) राहदानी प्रमाणपत्रको छायाँकपी,

(ङ) विदेशमा उक्त सिप सम्बन्धी कार्य गरेको अनुभव खुल्ने कागजात,

(च) तीन प्रति पासपोर्ट साइजको फोटो र एक प्रति अटो साइजको फोटो।

३८. <u>सिप परीक्षण हुने क्षेत्रः</u> वैदेशिक रोजगारीमा रहँदा देहायको क्षेत्रमा कार्य अनुभव भएको व्यक्तिले आफूसँग भएको सिप यस कार्यविधिले तोकेका शर्तको अधीनमा रही परीक्षण गर्न सक्नेछन्।

(क) सुरक्षा सेवा क्षेत्र,

(ख) सहजकारी सेवाः सवै प्रकारका सरसफाइ, फोहर व्यवस्थापन, बगैचा व्यवस्थापन, कृषि तथा कृषिजन्य उद्योग, होटल क्षेत्र, क्याटरिङ सेवा, सेल्स तथा सप्लाई सेवा, पर्यटन सेवा, व्यवसाय र उर्जा क्षेत्र।

(ग) व्यवसाय सहयोग सेवा क्षेत्र अन्तर्गतका चालक र परिचालक, सामानको भण्डारण मर्मत सम्भार, प्राविधिक तथा परामर्श, प्लम्बर, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी लगायत निर्माण कार्यमा सग्लन कार्य, विभिन्न मेशिन सञ्चालन तथा अपरेटिङ सेवा लगायत विभिन्न प्रकारका उद्योग सञ्चालन।

३९. <u>कार्यालयले सूचना प्रकाशन गर्नुपर्नेः</u> कार्यालयले सिप परीक्षणका लागि इच्छुक वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको विभिन्न सिप, क्षमता र दक्षताको परीक्षण गर्ने प्रयोजनका लागि १५ दिनको म्याद दिई निवेदन मागको सूचना प्रकाशन गर्नेछ। विषयको विज्ञताको उपयोग गर्ने प्रयोजनका लागि निवेदन माग गर्न देहायका बिषय उल्लेख गरी कम्तिमा १५ दिनको म्याद दिई राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

(क) निवेदन दिने स्थान र निवेदनको समयसीमा,

(ख) सिप परीक्षणमा छनौट भएपश्चात बुझाउनुपर्ने शुल्क र शुल्क बुझाउने तरिका,

(ग) सिप परीक्षण हुने क्षेत्र,

(घ) सिप परीक्षणका लागि पेस गर्नुपर्ने कागजात।

४०. <u>सिप परीक्षण गर्ने उम्मेद्वार छनौट समितिः</u> (१) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सिप परीक्षण गर्ने प्रयोजनका लागि देहाय बमोजिमको उम्मेद्वार छनौट समिति रहनेछ।

(क) कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत, घरेलु तथा साना उद्योग कार्यालय -अध्यक्ष

(ख) प्रतिनिधि (प्राविधिक), जिल्ला समन्वय समिति -सदस्य

(ग) सम्बन्धित शाखा प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय - सदस्य सचिव

(२) समितिको अध्यक्षको परामर्शमा सदस्य-सचिवले बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सिप परीक्षण गर्ने प्रयोजनका लागि पेस भएका दरखास्त रीतपूर्वक भए/नभएको जाँच गर्ने।

(ख) विषयगत रूपमा वर्गीकरण (क्लष्टरिङ) गरी सिप परीक्षणका लागि सिफारिस गर्ने।

(ग) सिप परीक्षणको लागि आवेदकहरूको नामावली प्रकाशन गर्ने।

(४) निवेदन दिनसक्ने वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूले सिप परीक्षण गर्ने प्रयोजनका लागि पेस गरेको निवेदन उपदफा (१) बमोजिमको छनौट समितिले गरेको निर्णयउपर चित्त नबुझेमा उम्मेदवारले निर्देशनालयसमक्ष निवेदन दिन सक्नेछ।



मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

(५) उपदफा (४) बमोजिम निवेदन पेस हुन आएमा निर्देशनालयले ७ (सात) दिनभित्र निर्णय गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिम निवेदन नपरेमा सिप परीक्षण छनौट समितिले सिफारिस गरे अनुसारका व्यक्तिहरूको लागि कार्यालयले अनुसूची-१३ बमोजिम राष्ट्रिय सिप परीक्षण समितिसमक्ष सिफारिस गरी सिप परीक्षणका लागि पठाउनुपर्नेछ।

(७) उपदफा (१) बमोजिमको समितिले उम्मेद्‌वार छनौट गर्दा देहायको प्राथमिकताको आधारमा गर्नुपर्नेछ।

(क) निवेदकले विदेशमा काम गरेको वा तालिम लिएको अवधि,

(ख) निवेदकले विदेशमा प्राप्त गरेको ज्ञान/सिपको स्वदेशमा उपयोग भएको अवस्था,

(ग) निवेदकले प्राप्त गरेको ज्ञान वा सिपको स्थानीयस्तरमा हुन सक्ने उपयोग वा सिर्जना गर्नेसक्ने रोजगारीको अवस्था मूल्याङ्कन,

(घ) समितिले निर्धारण गरेको अन्य प्राथमिकताक्रम।

४१. <u>**प्रतिवेदन सम्बन्धमा:**</u> यस कार्यविधि बमोजिम भए गरेका कार्यहरूको कार्यक्रम सम्पन्न भएको मितिले सात (७) दिनभित्र घरेलु तथा साना उद्योग कार्यालयले निर्देशनालय समक्ष र निर्देशनालयले एकीकृत गरी मन्त्रालयसमक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ।

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

## अनुसूची-१

(दफा २३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रस्ताव आव्हानको सूचनाको ढाँचा</u>**

प्रथम पटक प्रकाशित मिति:........................

लुम्बिनी प्रदेश सरकार, उद्योग, पर्यटन तथा यातयात मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय.........को आ.व. ................ को वार्षिक कार्यक्रम अनुसार प्रदेश अन्तर्गतका.................जिल्ला............गा.पा./न.पा.............. स्थानमा सहुलियत पसल सञ्चालनको लागि इच्छुक संस्थाहरूबाट............ मा कार्यक्रम सञ्चालनका लागि यो सूचना प्रकाशन भएको मितिले.............. दिन भित्र यस कार्यालयमा प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्तावसाथ पेस गर्नुपर्ने निवेदनको ढाँचा कार्यालयको......................वा सूचना पार्टीबाट प्राप्त गर्न सकिनेछ।

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

**अनुसूची-२**

(दफा २३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रस्ताव पेस गर्ने निवेदनपत्रको ढाँचा</u>**

श्री घरेलु तथा साना उद्योग कार्यालय,

..........................................

विषयः सहुलियत पसल सञ्चालनको लागि प्रस्ताव पेस गरिएको सम्बन्धमा।

हाम्रो.................................................संस्थाबाट.......................जिल्ला,....................म.न.प/.उप.म.न.पा /.न.पा/.गा.पा........,वडा नं. अन्तर्गत ........... ................स्थानमा सहुलियत मूल्य पसल सञ्चालन गर्ने लक्ष्य रहेकोले अनुदान पाउने व्यवस्थाका लागि आवश्यक कागजातहरू संलग्न राखी यो प्रस्ताव पेस गरेका छौं।

...........................

निवेदकको

नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नं.

संस्थाको नामः

संस्थाको छापः

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

## अनुसूची-३

(दफा २३ को उपदफा (२) सँग सम्बन्धित)

**प्रस्ताव पेस गर्दा संलग्न गर्नुपर्ने कागजात**

(१) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(२) संस्थाको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,

(३) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(४) सञ्चालकको वैयक्तिक विवरण,

(५) कार्यक्रम सञ्चालनका लागि घर जग्गाको विवरण खुल्ने कागजात,

(६) सम्पर्क व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र सम्पर्क नम्बर,

(७) सहुलियत पसल सञ्चालनका लागि घर जग्गा हुनुपर्ने वा भाडामा लिएको भए घर जग्गाधनीसँगको सम्झौता पत्र,

(८) उपलब्ध गराउन सक्ने खाद्यवस्तुहरूको सूची,

(९) सञ्चालकको देहायको ढाँचाको प्रतिवद्धतापत्र

**प्रतिवद्धता-पत्रको ढाँचा**

घरेलु तथा साना उद्योग कार्यालय..........................को मिति...............................मा प्रकाशित सूचना अनुसार सहुलियत पसल सञ्चालन कार्यक्रमका लागि अनुदानको व्यवस्था गरिए अनुसार उक्त अनुदान प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि प्रस्ताव/आवेदन पेस गरेको छु/छौं। उक्त कार्यक्रममा छनौंट भएमा सम्झौतामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी सम्झौतासम्म निरन्तरता दिनेछौं। सम्झौता अनुसारको कार्य नगरेमा वा तोकिएको अवधिभन्दा अगावै सो कार्य बन्द गरेमा कार्यालयलाई अनुदान रकम फिर्ता गर्नेछौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछौं।

संस्थाको नामः

ठेगानाः

दस्तखतः

मितिः

संस्थाको छापः

इति संवत् २०८२ साल............ महिना.......गते.........रोज शुभम् ..........................................................................



मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

## अनुसूची -४

(दफा २३ को उपदफा (४) सँग सम्बन्धित)

**<u>मूल्याङ्कनका सूचकहरू</u>**

१. संस्थाको नाम:

२. ठेगाना:

३. सम्पर्क व्यक्तिको नाम:

४. सम्पर्क नम्बरः

कार्यक्रम छनौटका लागि सूचक, आधार र पूर्णाङ्कः

| क्र.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सबैको पायक पर्ने स्थान | २० | | |
| २ | संस्था दर्ताको अवधि | २० | | |
| ३ | संस्थाको क्षमता (पुँजी) | २० | | |
| ४ | संस्थाको गत वर्षको कारोबार विवरण | २० | | |
| ५ | लक्षित वर्गले सञ्चालन गरेको संस्था | १० | | |
| ६ | स्थानीयले सञ्चालन गरेको संस्था | १० | | |
| | जम्मा | १०० | | |

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

## अनुसूची - ५

(दफा २४ को उपदफा (२) सँग सम्बन्धित)

**सम्झौता-पत्रको ढाँचा**

श्री घरेलु तथा साना उद्योग कार्यालय............मार्फत सञ्चालन गरिने आ.व................को स्वीकृत सहुलियत पसल सञ्चालन गर्न.........................यस पछि (पहिलोपक्ष) भनिएको र मूल्याङ्कनको आधारमा छनौट भएका संस्था.....................................यसपछि (दोस्रो पक्ष) भनिएको विच तपसिलका सर्तनामाहरू लागु हुने गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी एक/एक प्रतिलियौं/दियौं।

१. यो सम्झौता पत्र पहिलो पक्ष र दोस्रो पक्ष बीच सहुलियत पसल सञ्चालन कार्यक्रम सहयोगका लागि अनुदान कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले.......दिन भित्र सुरु गर्नु पर्नेछ।

४. आर्थिक वर्ष अन्त्य हुनुभन्दा १५ दिन अगावै यो कार्यक्रम सम्पन्न गरी सक्नु पर्नेछ।

५. सहुलियत पसल कार्यक्रम सञ्चालनका लागि पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत अनुदान सम्झौता बमोजिम एकाउन्ट पेयी चेकबाट पहिलो किस्ता बापत पच्चिस प्रतिशत पेस्की अन्तर्गत र बाँकी रकम पेस्की फछ्र्यौट गरे पश्चात बिक्री खाताका आधारमा मात्र प्रत्येक महिना उपलब्ध गराउनु पर्नेछ।

६. दोस्रोपक्षले कार्यक्रम सञ्चालन गर्दा सम्झौता तथा कार्यालयको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ।

७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा बिक्री खाता सहित प्रतिवेदन तयार गरी दोस्रोपक्षले पहिलो पक्षसँग अनुरोध गर्नुपर्ने छ र पहिलो पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिक्री खाताको आधारमा....... दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

८. सहुलियत पसल कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

९. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई सहुलियत पसल तथा खाद्यान्नमा क्षति भएको खण्डमा सो घटनाको पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१०. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरपयोग भएको पाइएमा पहिलो पक्षले जुनसुकै समयमा एकतर्फी रूपमा सम्झौता भङ्ग गरी दोस्रोपक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरी आवश्यक कारबाही अगाडि बढाउनेछ।

११. पहिलो पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ।

..........................

पहिलो पक्षका तर्फबाट

नामः

पदः

साक्षीहरुः

............................

दोस्रो पक्षका तर्फबाट

नामः

पदः

इति संवत् २०८२ साल..............महिना..........गते..........रोज शुभम्...............................................



मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

## अनुसूची-६

(दफा २५ को उपदफा (३) सँग सम्बन्धित)

**खाद्यान्नमा दिइने अनुदान रकमको विवरण**

१. चामलः प्रति के.जी. १० (दश) रुपैयाँ

२. नुनः प्रति के.जी. ५ (पाँच) रुपैयाँ

३. तेलः प्रति के.जी. वा प्रतिलिटर २० (बिस) रुपैयाँ

४. दाल/गेडागुडीः प्रति के.जी. २० (बिस) रुपैयाँ

५. गहुँ/पिठोः प्रति के.जी. २० (बिस) रुपैयाँ

६. चिनीः प्रति के.जी. १५ (पन्ध्र) रुपैयाँ

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

## अनुसूची-७

(दफा २५ को उपदफा (४) सँग सम्बन्धित)

**<u>अनुदान प्रदान गरिने खाद्यान्नको परिमाण</u>**

१. चामलः ५० के.जी.

२. नुनः २ के.जी.

३. तेलः ७ लिटर

४. दालः ५ के.जी.

५. गहुः १० के.जी.

६. चिनीः ५ के.जी.

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

## अनुसूची-८

(दफा २५ को उपदफा (५) सँग सम्बन्धित)

**<u>खाद्यान्न बिक्री खाताको ढाँचा</u>**

| क.स. | मिति | खरिदकर्ताको नाम | नागरिकता नं. | सामानको विवरण | सामानको परिमाण | बिक्री मूल्य | छुट मूल्य | खरिदकर्ताको सहीछाप | प्रमाणित गर्ने | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

## अनुसूची-९

(दफा ३१ को उपदफा (१) र दफा ३४ को उपदफा (३) सँग सम्बन्धित)

**मूल्याङ्कनका आधार**

| क्र. सं. | छनौटको आधार | अधिकतम अङ्क | प्रासांक |
|---|---|---|---|
| १ | विगत दुई वर्षभित्र प्रदान गरेको रोजगारी संख्या | १५ | क) ५ वा ५ जनाभन्दा बढीलाई रोजगारी दिएको भए : १५-अङ्क<br>ख) ३ देखि ४ जनालाई रोजगारी दिएको भए १२-अङ्क<br>ग) १ देखि २ जनालाई रोजगारी दिएको भए ९-अङ्क |
| २ | स्थानीय स्रोत र साधन प्रयोग गरी उद्यम सञ्चालन गरेको | २० | क) स्थानीय स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -२० अङ्क<br>ख) स्थानीय र बाहय दुवै स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -१५ अङ्क<br>ग) बाह्य स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -१० अङ्क |
| ३ | श्रमिकको (१) सामाजिक सुरक्षा, (२) व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, (३) कार्यस्थल सुरक्षा तथा कार्यवातावरण | ३ | क) तीनवटै शर्त पूरा भएको अवस्थामा ३-अङ्क<br>ख) कुनै २ वटा शर्त पूरा भएको अवस्थामा २-अङ्क<br>ग) कुनै १ वटा मात्र शर्त पूरा गरेको अवस्थामा १-अङ्क |
| ४ | लक्षित वर्ग समूह | ३ | दलित, आदिवासी जनजाति, सीमान्तकृत, महिला, अपाङ्गता भएका उद्यमी भए -३ अङ्क, अन्य भए -२ अङ्क |
| ५ | उत्पादित वस्तु तथा सामग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङ | ९ | घ) उत्पादित वस्तु तथा सेवा सामग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङ भएमा ९ अङ्क<br>ङ) उत्पादित वस्तु तथा सेवा सामग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङमध्ये कुनै २ (दुई मात्र भएमा) ६ अङ्क<br>च) उत्पादित वस्तु तथा सेवा सामग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङमध्ये कुनै एक मात्र भएमा ३ अङ्क मात्र |
| | **जम्मा अङ्क** | ५० | |

***पुनश्चः*** *मूल्याङ्कन समितिले उल्लिखित आधारमा मूल्याङ्कन गरी कम्तीमा ३५ अङ्क प्राप्त गरेका उद्यमीलाई सम्मानका लागि सिफारिस गर्नेछ।*

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

## अनुसूची-१०

(दफा ३३ को उपदफा (२) (क) सँग सम्बन्धित)

**पेस गर्नुपर्ने विवरणको ढाँचा**

१. उद्यमीको नामः ....................................... ...........................................................

२. व्यवसाय/उद्यमशीलताको नामः ...........................................................................

३. कार्य प्रकृतिः ...............................................................................................................

४. ठेगानाः .............................. जिल्ला ......................... पालिका ........... वडा ................ टोल

५. कार्यरत/व्यवसाय स्थापना मितिः ............................................................

६. सम्पर्क नम्बरः ................................

७. विगत दुई वर्षदेखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेस गर्ने):

.......................................................................................................................................

८. उद्यमशीलतामा स्थानीय र बाह्य स्रोतसाधन प्रयोगको अवस्था (स्थानीय र बाह्य स्रोतको विवरण बुँदागत रूपमा खुलाउने):

.......................................................................................................................................

९. श्रमिकको सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यास्थल सुरक्षा तथा कार्यवातावरणका बारेमा खुलाउने।

.......................................................................................................................................

१०. लक्षित वर्ग समूह (भए खुलाउने):

.......................................................................................................................................

११. उत्पादित वस्तु, सामग्री तथा निर्माण गरिएका वस्तुहरूको भण्डारण, प्याकेजिङ र लेवलिङ सम्बन्धी विवरणः

.......................................................................................................................................

१२. समग्र उद्यम व्यवस्थापनको गुणस्तरीयता, दक्षता र प्रभावकारिताः

.......................................................................................................................................

१३. श्रम/व्यवसायले पारेको सामाजिक/आर्थिक प्रभावः

(क) ...........................................................................................................................

(ख) ...........................................................................................................................

१४. अन्य कुरा केही भए खुलाउने।

.......................................................................................................................................

१५. संलग्न हुनुपर्ने कागजातहरूः

(क) नागरिकता प्रमाणपत्रको छायाँकपी,

(ख) उद्योग दर्ता/नवीकरण प्रमाणपत्रको छायाँकपी,

(ग) पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको छायाँकपी,

(घ) PAN/VAT दर्ता प्रमाणपत्रको छायाँकपी,

(ङ) लक्षित वर्ग समूह खुल्ने निस्सा,

(च) पछिल्लो तीन वर्षमा कुनै पनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको स्वघोषणा।

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

अनुसूची-११

(दफा ३५ को उपदफा (२) संग सम्बन्धित)

<u>सम्मानपत्रको ढाँचा</u>

प्रमाणपत्र नं. ................ / ... / ...

लुम्बिनी प्रदेश सरकार

उद्योग, पर्यटन तथा यातायात मन्त्रालय

..............................................................................................

## सम्मान-पत्र

तपाईंले सञ्चालन गर्नुभएको ........................................................................................................ उद्योगमार्फत रोजगारीको सिर्जना तथा मुलुकको आर्थिक उन्नयनमा पुऱ्याउनु भएको अतुलनीय योगदानको कदर गर्दै यो सम्मान-पत्र प्रदान गरिएको छ। भविष्यमा उद्यमशीलता एवम् रोजगारीका माध्यमबाट मुलुकको आर्थिक उन्नयनमा गर्नुभएको योगदानलाई निरन्तरता दिनुहुनेछ भन्ने अपेक्षाकृत छौं।

मितिः

.....................................

प्रमुख उद्योग अधिकृत

कार्यालयको छाप

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

अनुसूची-१२

(दफा ३६ को उपदफा (२) सँग सम्बन्धित)

**आवेदन-पत्रको ढाँचा**

आवेदकको फोटो

श्रीमान् कार्यालय प्रमुखज्यू,
घरेलु तथा साना उद्योग कार्यालय
..................... जिल्ला, लुम्बिनी प्रदेश।

## विषयः सिप परीक्षण सम्बन्धमा।

**महोदय,**

म वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति हुँ। म .................... देशमा रहँदा ........................ क्षेत्रमा कार्य गरेको ........वर्षको अनुभव छ। विदेशमा रहँदा मैले आर्जन गरेको सिपलाई सिप परीक्षण गरी प्रमाण पत्र प्राप्त गरेको खण्डमा देशमै उक्त सिप प्रयोग गरी उद्यमी बन्न इच्छुक छु। वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ ले व्यवस्था गरेका सबै कागजात संग्लन गरी आवेदन दिएको छु। उक्त कार्यविधिले तोकेका सर्त पालन गर्न मञ्जुरी छु। उल्लेख गरिएको व्यहोरा ठिक साँचो हो झुट्टा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला।

| क्र.सं. | सिपको नाम | अनुभव अवधि | सिपको आधारमा हुने कार्य | कैफियत (बहुसिप भए उल्लेख गर्ने) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

**संलग्न काजजातहरूः**

१)

२)

३)

४)

५)

**निवेदकको**

नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नं.

मोबाइल नं.

इमेलः

मितिः

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री

अनुसूची-१३

( दफा ४० को उपदफा (६) सँग सम्बन्धित)

**राष्ट्रिय सिप परीक्षण बोर्डलाई गरिने सिफारिस ढाँचा**

**मितिः .......................**

**श्री राष्ट्रिय सिप परीक्षण समिति,**
सानोठिमी, भक्तपुर।

विषयः **सिप परीक्षणका लागि सिफारिस गरी पठाइएको सम्बन्धमा।**

यस कार्यालयको लागि आ.व. ................ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेश सरकारको वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अधीनमा रही वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सिप परीक्षण कार्यक्रम सञ्चालनका लागि मिति .................... मा १५ दिने सूचना प्रकाशन गरिएकोमा प्राप्त आवेदन थान ............ मा ऐ. कार्यविधिको दफा .......... बमोजिमको मूल्याङ्कन तथा छनौट समितिले मूल्याङ्कन तथा छनौट गरेका तपसिल बमोजिमका व्यक्तिहरूको तह अनुसारको सिप परीक्षण गराई दिनुहुन सिफारिससाथ अनुरोध छ।

**तपसिलः**

| क्र.सं. | उम्मेद्वारको नाम, थर | उम्मेद्वारको ठेगाना | सिपको विषय | सिपक अनुभव | सिप परीक्षण तह |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| | | | | | |

**पुनश्चः** सिप परीक्षणमा सहभागी हुने उपरोक्त बमोजिमका उम्मेद्वारहरूको सिप परीक्षण बापतको प्रचलित दस्तुर यस कार्यालयबाट सोझै भुक्तानी गरिने व्यहोरा समेत अनुरोध छ।

मा. प्रचण्ड विक्रम न्यौपाने
मन्त्री